१०८५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४८८/२०७२/०७३

निर्णय नं. ६५७

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), परशुराम नगरपालिकाको कार्यालय, डडेलधुरा ..............१ विपक्षी

सूचना अधिकारी, परशुराम नगरपालिकाको कार्यालय, डडेलधुरा ..........................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले परशुराम नगरपालिकाको कार्यालय, डडेलधुरा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । सो सम्वन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम परशुराम नगरपालिकाको कार्यालय, डडेलधुरालाई मिति २०७२।०७।२९, च.न ४१९ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त परशुराम नगरपालिका कार्यालय, डडेलधुराको मिति २०७२।०९।१६, च.नं.६२१ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी सकिएको छ भनी यस आयोगलाई जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।